नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक १५६ | २०७९ साल माघ ५ गते बिहीबार (19 Jan. 2023 Thursday) | मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : त्रिवि शिक्षण अस्पतालमा कम ... ३ पृष्ठमा : आठ विकास बैंक र चार वित्त... ३ पृष्ठमा : हेलिकप्टर दुर्घटनमा...

# बसले ठक्कर दिदा साइकल यात्रुको मृत्यु
## बिरोधमा स्थानियद्वारा राजमार्ग अवरुद्ध



**दैनिक समाचारदाता राजविराज, ४ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका सडक खण्डमा बुधबार साँझ यात्रुवाहक बसले ठक्कर दिँदा एक साइकल यात्रुको घटनास्थलमै मृत्यु भएको छ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत उक्त सडकखण्डमा बुधवार साँझ हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहा नजिकै ना. ५ ख. ६७२ नम्बरको गजराज ट्राभल्सले ठक्कर दिंदा सोही वडा निवासी ६० वर्षिय साइकल यात्रु सत्यनारायण विश्वासको मृत्यु भएको हो ।

विराटनगरबाट सिरहाको माडरतर्फ हिडेको उक्त बस बजार क्षेत्रमा पनि तिब्र गतिमा रहेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । ठक्कर दिने बस र चालक सिराहाको माडर निवासी ३५ वर्षिय रामप्रकाश पासवानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यता दुर्घटनापछि आक्रोशित स्थानीयवासीले करीब डेढ घण्टा सो सडक खण्ड अबरुद्ध पारेका थिए ।

मृतक परिवारलाई आवश्यक क्षति पूर्ति दिलाउने तथा चालकलाई कानून बमोजिम कार्वाही गरिने स्थानीय प्रशासनको आश्वासन पछि आवागमन सूचारु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेस प्रदेशका सभामुख र उपसभामुखको शपथ

धनुषा, माघ ४ (रासस) ।

मधेस प्रदेशसभाका नवनिर्वाचित सभामुख रामचन्द्र मण्डल र उपसभामुख बबिताकुमारी राउत इशरले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। मधेस भवनमा बुधबार उहाँहरूलाई प्रदेश प्रमुख हरिशङ्कर मिश्रले पद तथा गोपनीयताको शपथ गराउनुभयो।

सभामुख र उपसभामुखको शपथ कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, विना विभागीयमन्त्री सरोजकुमार यादव लगायतको उपस्थिति थियो । मण्डल र इशर मङ्गलबार नै मधेस प्रदेशको सभामुख र उपसभामुखमा निर्वाचित हुनुभएको हो । मङ्गलबार बसेको प्रदेशसभा बैठकमा मण्डललाई सभामुखमा चयन गरियोस् भन्ने प्रस्तावको पक्षमा ७४ मत अर्थात् बहुमत सदस्यको समर्थन प्राप्त भएको थियो । कूलएक सय सात सदस्यीय प्रदेशसभामा एक सय तीन सदस्यले मतविभाजन प्रक्रियामा सहभागिता जनाउनुभएको थियो ।

मण्डललाई सत्ता गठबन्धन दल नेकपा (एमाले), जनता समाजवादी पार्टी, नेकपा ( माओवादी केन्द्र), जनमत, लोकतान्त्रिक समाजवादी पार्टी, राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी र स्वतन्त्रको समर्थन थियो । यसैगरी जनमत पार्टीका उम्मेदवार इशरलाई उपसभामुखमा निर्वाचित गरियोस् भन्ने पक्षम ७२ मत प्राप्त भएको थियो । उहाँको विपक्षमा २९ मत खसेको थियो । उपसभामुखको निर्वाचन प्रक्रियामा एक सय एक सदस्यले सहभागिता जनाउनुभएको थियो ।

# भन्सार छलेका सामानहरु बरामद

**दैनिक समाचारदाता राजविराज, ४ माघ ।**

भारतबाट भन्सार छलेर नेपाल ल्याइएका किराना सामानहरु, लत्ताकपडाहरु तथा बिधुतिय सामानहरु प्रहरीले बरामद गरेको छ ।

मोटरसाईकलमा लुकाई छिपाई ल्याईरहेको अवस्थामा सप्तरीको बोदेबरसाईन ८ मा प्रहरी टोलीले उक्त सामानहरु फेला पारेको हो ।

तस्करहरहरुले प्रहरी टोली देख्ना साथ सामानहरु छोडेर भागेकोले १ लाख २९ हजार ८ सय १५ रुँपैया मुल्याङकन गरिएको उक्त सामानहरु आवश्यक कारवाहीका लागी भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मुख्यमन्त्री यादवलाई सतप्रतिशत मत प्राप्त

जनकपुरधाम, ४ माघ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई सतप्रतिशत विश्वासको मत प्राप्त भएको छ ।

बुधबारको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवले सभामा उपस्थित एक सय दुईमध्ये सम्पूर्ण सदस्यको मत प्राप्त गर्नुभएको हो । सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री यादवले विश्वासको मत पाऊँ भनी सभामा प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मत पारित भएको घोषणा गर्नुभयो ।

मुख्यमन्त्री यादवलाई प्रदेशसभामा प्रतिनिधित्व गर्ने दशवटै दल र स्वतन्त्र सांसदले पनि विश्वासको मत दिनुभएको हो । मधेस प्रदेशसभामा नेकपा( माओवादी केन्द्र)का दुई प्रदेशसभा सदस्यको शपथ ग्रहण बाँकी रहेकाले प्रदेशसभामा हाल एक सय पाँच सदस्य रहेका छन् ।

पुस २७ गते मुख्यमन्त्रीको दाबी पेश गर्दा सत्ता गठबन्धन दल र दुई स्वतन्त्र सांसद गरी ६३ जनाको मात्रै समर्थन रहेकामा बुधबारको बैठकमा यादवले असाधारण अर्थात् उपस्थित सम्पूर्ण सदस्यको मत प्राप्त गर्नुभयो । एक सय सात सदस्यीय मधेस प्रदेशसभामा नेकपा (एमाले) २४, नेपाली कांग्रेस २२, जसपा १६, जनमत पार्टी १३, माओवादी केन्द्र नौ, लोकतान्त्रिक समाजवादी पार्टी सात, नेकपा (एकीकृत समाजवादी) सात, राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी (एक/एक) र चार जना स्वतन्त्र प्रदेशसभा सदस्य हुनुहुन्छ ।

# उखुको न्यूनतम खरिद मूल्य तोकियो

काठमाडौं, ४ माघ (रासस) ।

सरकारले चालु आर्थिक वर्ष २०७९/०८० का लागि उखुको न्यूनतम खरिद मूल्य तोकेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले उखुको न्यूनतम समर्थन मूल्य तोकेको हो ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार उखुको उत्पादन लागत, ढुवानी भाडा र मुनाफासमेत गरी कृषकले उत्पादन गरेको उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल रु पाँच सय ४० निर्धारण गरिएको हो । यो मूल्य गत आर्थिक वर्षको भन्दा प्रतिक्विन्टल रु २० ले बढी हो । गत आर्थिक वर्ष सरकारले उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु पाँच सय २० तोकेको थियो ।

उखु किसानलाई सरकारले दिने अनुदान भने यथावत् राखिएको छ । “उखु किसानलाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५ को दफा ३ को उपदफा ३ अनुसार चालु आर्थिक वर्षका लागि सरकारले उखु किसानलाई दिने अनुदान भने यथावत् राखिएको छ । यस वर्ष पनि उखु किसानले प्रतिक्विन्टल रु ७० अनुदानका रूपमा पाउनेछन्”, कृषि मन्त्रालयले विज्ञप्तिमा भनेको छ । सरकारले उपलब्ध गराउने अनुदान रकमसमेत जोड्दा किसानले चालु आर्थिक वर्षका लागि उखु बिक्रीमा न्यूनतम रु छ सय १० पाउनेछन् ।

# जनक शिक्षालाई भ्रष्टाचारको आरोप

काठमाडौँ, ४ माघ (रासस) ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई भ्रष्टाचार गरेको आरोप लगेको छ । अधिकारकर्मीले बुधबार यहाँ पत्रकार सम्मेलन गरी ड्यामेज कागज कवाडीमा जनकपुर पठाउने भन्दै बाहिर ल्याउने र मनोहरा खोलाको आसपासमा कन्टेनर केही दिन राखेर पछि सोही कागज जनक शिक्षाको गोदाममा ल्याउने गरेको आरोप लगाएका छन् । उनीहरूले कागज बोकेको १३ वटा कन्टेनर प्रहरीले नियन्त्रणमा लिएको समेत बताएका छन् ।

गत पुस २७ गते करिब एक लाख ५३ हजार केजी कागज

*बाँकी अन्तिम पृष्ठमा*


# आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार
## तपाईकै सहर राजविराजमा




आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# त्रिवि शिक्षण अस्पतालमा कम दरबन्दी हुँदा समस्या

काठमाडौँ, ४ माघ (रासस)।
दैनिक दुई हजारभन्दा बढी बिरामीलाई बहिरङ्ग (ओपिडी) सेवा प्रदान गर्दै आएको महाराजगञ्जस्थित त्रिभुवन शिक्षण अस्पताल (टिचिङ)मा कर्मचारीको दरबन्दी कम हुँदा समस्या हुँदै आएको छ। नेपालमा पढाइसहित विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालय चिकित्सा शिक्षा अध्ययन संस्थानद्वारा सञ्चालित टिचिङमा हाल दरबन्दीमा आठ सय कर्मचारी कार्यरत छन्।

विसं २०४० असार ३१ गते तीन सय एक शय्यामार्फत स्वास्थ्यसेवा प्रदान गर्दै आएको टिचिङ अस्पतालले हाल नौ सय ७० शय्यामार्फत बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ। त्रिवि शिक्षण अस्पतालअन्तर्गत मनमोहन कार्डियो भास्कुलर डिजिज तथा ट्रान्सप्लान्ट सेन्टर र विपी कोइराला नेत्र अध्ययन केन्द्र पर्दैन। यी दुई निकाय चिकित्सा शिक्षा अध्ययन संस्थानद्वारा सञ्चालित हुँदै आएका छन्।

अस्पतालका कार्यकारी निर्देशक प्राडा दिनेश काफ्ले अस्पतालमा विभिन्न सेवा र शय्या थपिँदै जानु र दरबन्दी नथपिँदा अस्पताल सञ्चालनमा समस्या हुँदै गएको बताउनुहुन्छ। "अस्पतालमा दरबन्दी एक हजार पाँच सयको हाराहारीमा भए पनि हाल दरबन्दीमा जम्मा आठ सय कर्मचारी छन्, उक्त दरबन्दीले अस्पताल सञ्चालनमा समस्या हुँदै गएको छ", उहाँ भन्नुहुन्छ।

टिचिङ अस्पतालमा स्थापनाको समयमा छ सय १५ जनाको दरबन्दी रहेको थियो। अहिले दरबन्दी बढेर एक हजार पाँच सय हाराहारी पुगे पनि दरबन्दीमा भने सो सङ्ख्यामा मात्र कर्मचारी कार्यरत छन्। दरबन्दीबाहेक आन्तरिक व्यवस्थापनमार्फत करारमा एक हजार छ सय ७५ कर्मचारी कार्यरत छन्।

त्रिवि शिक्षण अस्पताल सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालयले वार्षिक रु ३३ करोड दिँदै आएको छ। कर्मचारी धेरै हुँदा त्रिविले दिने उक्त रकम कर्मचारीलाई तीन महिना पनि तलबभत्ता दिन नपुग्ने गरेको बताइन्छ। "झन्डै दुई हजार पाँच सय कर्मचारीलाई तलब र भत्ताका लागि मासिक रु १२ करोड खर्च हुँदै आएको छ, त्रिविले दिएको पैसा त तीन महिनालाई पनि तलब खुवाउन पुग्दैन", कार्यकारी निर्देशक प्राडा काफ्ले भन्नुहुन्छ।

टिचिङले दैनिक गरेको आम्दानीले कर्मचारी तलबभत्तादेखि सामान खरिदमा खर्च हुँदै आएको छ। अहिले टिचिङ अस्पतालमा दुई हजार चार सय ७५ डाक्टर, नर्स तथा कर्मचारी कार्यरत छन्।

टिचिङमा क्यान्सर, किड्नी, स्पाइनल इन्जुरी, अल्जाइमरलगायत रोगको समेत उपचार हुँदै आएको छ।

गत पुस २७ गते पृथ्वीजयन्तीमा सार्वजनिक बिदा रहेको दिन त्रिवि शिक्षण अस्पतालमा बहिरङ्गतर्फ एक हजार नौ सय २३ बिरामीले स्वास्थ्य सेवा लिएका थिए। यस्तै इमर्जेन्सीमा (बच्चा र लेबर रुमसहित) एक सय २४, भर्ना छ सय २४, एक्स-रे तीन सय ८०, अल्ट्रासाउन्ड दुई सय ७९, ल्यावमा एक हजार ६३ ले सेवा लिएको अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारी बताउनुहुन्छ।

सोही दिन त्रिवि शिक्षण अस्पतालमा ५३ जनाको शल्यक्रिया भएको थियो भने ७७ जना डिस्चार्ज भएका थिए। यस्तै डाइलोसिस ७०, सिटी स्यान ६८, आइसियुमा ५३, एचडियुमा ६१ र डेलिभरी ११ जना भएका थिए। सोही दिन तीनजना बिरामीको ज्यान गएको थियो। बिदाको दिनमा समेत यति धेरै सेवा प्रदान गर्ने त्रिवि शिक्षण अस्पतालले बिदा नभएको दिनमा भने यसभन्दा धेरै बिरामीलाई सेवा प्रदान गर्दै आइरहेको अस्पतालका कार्यकारी निर्देशक प्राडा काफ्ले बताउनुहुन्छ।

त्रिवि शिक्षण अस्पतालले यही वर्षदेखि एक सय ४० शय्याको 'सुरेश वाग्ले क्यान्सर सेन्टर' समेत सञ्चालनमा ल्याएको छ। क्यान्सर पीडित बिरामीलाई विशिष्टीकृत सेवा प्रदान गर्ने उद्देश्यले रु ५५ करोड लागतमा उक्त सेन्टर सञ्चालनमा ल्याइएको हो।

उक्त सेन्टर सञ्चालनमा आएसँगै त्रिवि शिक्षण अस्पताल नौ सय ७० शय्याको अस्पताल बनेको छ। सेन्टरमा २५ शय्याको क्यान्सर वार्ड, २० शय्याको आइसियु, ३० शय्याको एचडियु र १५ शय्याको डे केयर केमोथेरापी रहेको छ। नयाँ बनेको क्यान्सर सेन्टरलाई पूर्ण रूपमा सञ्चालन गर्न दुई सय ४१ जनाको दरबन्दी माग गरिएको कार्यकारी निर्देशक प्राडा काफ्ले बताउनुहुन्छ।

# अन्तर-बैंक कारोबार र तरलताको विवरण अनिवार्यरुपमा एआईएस पोर्टलमा राख्नुपर्ने

काठमाडौँ, ४ माघ (रासस)।
नेपाल राष्ट्र बैंकले 'बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८' संशोधन गरेको छ।

एकीकृत निर्देशन संशोधन गर्दै राष्ट्र बैंकले सबै बैंक तथा वित्तीय संस्थाले आफ्नो दैनिक तरलताको अवस्था र अन्तर-बैंक कारोबारको विवरण अनिवार्यरुपमा 'सुपरिवेक्षकीय सूचना प्रणाली' (एआइएस) रिपोर्टिङ पोर्टलमा प्रविष्ट गर्न निर्देशन दिएको हो।

यसअघि सबै वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा पूर्वाधार बैंकको अन्तर-बैंक कारोबारको विवरण कारोबार सम्पन्न गर्नासाथ र दैनिक तरलता विवरण अर्को कार्यदिनको मध्याह्न १२ बजेसम्म नेपाल राष्ट्र बैंकको रिपोर्टिङ पोर्टलमा अपलोड गर्नुपर्ने व्यवथा थियो। नयाँ व्यवस्थाअनुसार तरलता विवरण अर्को कार्यदिनको मध्याह्न १२ बजेसम्म र अन्तर बैंक कारोबारको विवरण कारोबार सम्पन्न गर्नासाथ सुपरीवेक्षकीय सूचना प्रणालीमार्फत नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्नेछ।

यस्तै, २०७८ असार १ गतेदेखि नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने रिटर्न पनि सुपरिवेक्षकीय सूचना प्रणाली रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नुपर्नेछ। "कुन मितिदेखिका रिटर्न बैंक तथा वित्तीय संस्थाले सुपरिवेक्षकीय सूचना प्रणालीमा समेत अनिवार्य रुपमा तथ्याङ्क र विवरण पठाउनुपर्ने स्पष्ट पार्न आवश्यक देखिएको हुँदा यस्तो व्यवस्था लागू गरिएको हो", राष्ट्र बैंकले मार्गदर्शन संशोधनको कारण खुलाउँदै भनेको छ।

यसअघि प्रत्येक त्रयमास समाप्त भएको सात दिनभित्र निक्षेप तथा कर्जाको ब्याजदरसम्बन्धी विवरण र ब्याजदर संशोधन गरेको सातदिनभित्र सोको पूर्ण विवरण राष्ट्र बैंकलाई जानकारी गराउनुपर्ने व्यवस्था थियो। अब त्यस्तो विवरण पनि बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको सुपरिवेक्षकीय सूचना प्रणाली रिपोर्टिङ पोर्टलमार्फत अद्यावधिक गर्नुपर्नेछ।


## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?
नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# आठ विकास बैंक र चार वित्त कम्पनीलाई राष्ट्र बैंकको कारबाही

काठमाडौँ, ४ माघ (रासस) ।

नेपाल राष्ट्र बैंकले आठवटा विकास बैंक र चारवटा वित्त कम्पनीलाई कारबाही गरेको छ ।

राष्ट्र बैंकले कार्यान्वयनमा ल्याएका कानूनी व्यवस्था, मौद्रिक नीति तथा निर्देशनका व्यवस्था उल्लङ्घन गरेको भेटिएपछि एक दर्जन संस्थालाई आर्थिक जरिवाना गरिएको हो ।

राष्ट्र बैंकले बुधबार एक सूचना जारी गर्दै चालु आर्थिक वर्ष २०७९/०८० को पहिलो त्रैमासिक अवधिमा भएको सुपरिवेक्षणका आधारमा कारबाही गरिएको जनाएको छ । कारबाहीमा परेका विकास बैंक र वित्त कम्पनीलाई हर्जाना तिराइएको छ । राष्ट्र बैंकका अनुसार कर्णाली डेभलपमेन्ट बैंकलाई विपन्न वर्ग कर्जा नपुऱ्याउँदा एकपटक र अनिवार्य मौज्दात कायम गर्न नसक्दा दुईपटकसम्म हर्जाना तोकिएको छ ।

कर्णाली डेभलपमेन्ट बैंकले विपन्न वर्ग कर्जा नपुऱ्याउँदा रु एक लाख ५२ हजार नौ सय २९ बराबर हर्जाना तोकिएको छ भने अनिवार्य मौज्दात कायम गर्न नसक्दा पहिलोपटक रु सात सय छ र दोस्रोपटक रु ३२ हजार नौ सय ६९ बराबर जरिवाना गरिएको छ । त्यस्तै, सालपा विकास बैंकले पनि अनिवार्य मौज्दात कायम गर्न नसक्दा जरिवाना तिर्नुपरेको छ ।

राष्ट्र बैंकका अनुसार तोकिएको कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) कायम नगर्ने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोसी डेभलपमेन्ट बैंकलाई हर्जाना तिराइएको हो । यी चार विकास बैंकले गत साउन र भदौ महिनामा तोकिएको सीडी रेसियो कायम नगरेका कारण दुई महिनाको हर्जाना तिराइएको राष्ट्र बैंकले जनाएको छ ।

कर्पोरेट डेभलपमेन्ट बैंकलाई साउनमा रु २० लाख १३ हजार र भदौमा रु २३ लाख १४ हजार चार सय ९३ जरिवाना तिराइएको छ । त्यस्तै सिन्धु विकास बैंकलाई साउनमा रु एक लाख २६ हजार तीन सय ८४ र भदौमा रु १६ लाख ९९ हजार एक सय ५१ बराबर हर्जाना कायम गरिएको राष्ट्र बैंकले जनाएको छ । नारायणी डेभलपमेन्ट बैंकलाई साउनमा रु चार लाख ६३ हजार सात सय ९४ र भदौ मा रु पाँच लाख १६ हजार तीन सय सात बराबर जरिवाना तोकिएको छ भने सप्तकोसी डेभलपमेन्ट बैंकलाई साउनमा रु २१ लाख ८० हजार छ सय ६३ र भदौमा रु २८ लाख ९७ हजार तीन सय ५४ बराबर जरिवाना तोकिएको छ ।

त्यसैगरी, वित्त कम्पनीतर्फ नेपाल फाइनान्स लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड र समृद्धि फाइनान्स कम्पनी लिमिटेडले पनि सीडी रेसियो कायम गर्न नसक्दा हर्जाना तिर्नुपर्ने भएको छ । नेपाल फाइनान्सलाई पहिलोपटक रु १९ हजार तीन सय ३० र दोस्रोपटक रु एक लाख ६५ हजार पाँच सय ८४ बराबर हर्जाना कायम गरिएको छ ।

त्यस्तै, जानकी फाइनान्स कम्पनीलाई पहिलोपटक रु छ लाख ५५ हजार एक सय ९३ र दोस्रोपटक रु छ लाख ३९ हजार सात सय ९९ तिराइको छ । समृद्धि फाइनान्स कम्पनीले पनि कर्जा निक्षेप अनुपात पुऱ्याउन नसक्दा रु ८० हजार चार सय ७४ बराबर हर्जाना तिर्नुपरेको छ । अनिवार्य मौज्दात कायम नगर्ने प्रोग्रेसिभ फाइनान्स लिमिटेडलाई रु २३ हजार एक सय ८८ हर्जाना तिराइएको छ ।


तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

**सूचना प्रविधि अधिकृत (IT Officer) सेवामा पदपूर्ति सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/१०/०५

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तरगत यस गाउँपालिकालाइं १ (एक) जना सूचना प्रविधि अधिकृत (IT Officer) पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा इच्छुक उम्मेदवारले यस कार्यालयमा उपलब्ध फाराम भरी निवेदन दिनु हुन सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५/२०७९/०८० | सूचना प्रविधि अधिकृत (IT Officer) | छैठो | १ (एक) | १०००/- |

(१) आवश्यक न्युनतम शैक्षिक योग्यता :
(क) लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरह विषय मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BICT, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको ।
(ख) यदि नेपाल बाहिरको प्रमाण-पत्र भए मान्यता प्राप्त विश्वविद्यालयबाट समकक्षता निर्धारण (equivalence) को प्रमाण-पत्र ।
(ग) नेपाल इन्जिनियरिङ्ग काउन्सील दर्ता सर्टिफिकेटको प्रमाण-पत्र ।
(घ) सम्बन्धीत क्षेत्रमा कार्य अनुभव भएको प्रमाण-पत्र ।
(२) दरखास्त दिने स्थान : तिरहुत गाउँपालिकाको कार्यालय, गोईठी, सप्तरी ।
(३) उमेरको हद : दरखास्त दिने अन्तिम दिन सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)
(४) आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी ।
(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम ।
(ख) नेपाली नागरिकताको प्रतिलिपी ।
(ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
(घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात ।
(ङ) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -३ प्रति ।
(च) परिक्षा दस्तुर तिरेको नगदी रसिद ।
(५) परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता परिक्षा ।
(६) पारिश्रमिक तथा सेवा सुविधा : नेपाल सरकारले तोकेको रा.प. तृतिय श्रेणीको आधारभूत तलब सरह ।
(७) कार्य विवरण : प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यहरु ।
(८) आवेदन दिने अन्तिम मिति : यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र ।
(९) दरखास्त दस्तुर : तिरहुत गा.पा.को संचित कोष खाता नं. N3CA000736452401 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।

अन्य :
(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### हेलिकप्टर दुर्घटनमा गृहमन्त्रीसहित सोह्र जनाको मृत्यु

किएभ, ४ माघ (रासस एएफपी) ।

राजधानी किएभको बाहिरी भेगस्थित शिशु पाठशाला नजिक बुधबार भएको हेलिकप्टर दुर्घटनमा परी युक्रेनका गृहमन्त्रीसहित १६ जनाको मृत्यु भएको छ । दुर्घटनामा दुई जना बालबालिका पनि मारिएका अधिकारीहरूले बताएका छन् । अनलाइनमा पोष्ट गरिएको एउटा भिडियोमा आगो लागेको देखिन्छ भने रुवाबासी भएको आवाज सुनिन्छ । दुर्घटनाका सम्बन्धमा तत्काल थप विवरण प्राप्त भएको छैन । राष्ट्रिय प्रहरी प्रमुख इगोर क्लेइमन्कोले अहिलेसम्म १६ जनाको ज्यान गएको जानकारी प्राप्त भएको बताउनुभएको छ । गृहमन्त्रालयका कैयौँ उच्च अधिकारी, गृहमन्त्री डेनिस मोनास्ट्रास्के र उहाँका उपमन्त्रीको ज्यान गएको छ । बयालीस वर्षीय गृहमन्त्री मोनास्ट्रास्के दुई सन्तानका पिता हुनुहुन्छ । उहाँ दुई वर्षअघि गृहमन्त्री नियुक्त हुनुभएको थियो । दश जना बालबालिकासहित २२ जनालाई अस्पताल भर्ना गरिएको छ । दुर्घटनाका बेला शिशु पाठशालामा कर्मचारी र बालबालिका थिए । प्रहरी र चिकित्साकर्मी दुर्घटनास्थलमा उद्धार तथा उपचारमा सक्रिय छन् ।

### छालाको क्यान्सरबाट पीडित अमेरिकी प्रथम महिला महारोगविरुद्धको राष्ट्रिय अभियानमा

वासिङटन, ४ माघ (रासस/एपी) ।

अमेरिकी प्रथम महिला जिल बाईडेन छालाको क्यान्सरबाट पीडित हुनुभएको छ । केही समयअघि उहाँको दाहिने आँखाको माथिल्लो भागमा देखिएको घाउ छालाको क्यान्सर भएको चिकित्सकहरूले पुष्टि गरे । नियमित परीक्षणका क्रममा उहाँमा उक्त रोग लागेको पुष्टि भएको हो । प्रथम महिलालाई उपचार गरेमा निको हुने खालको छालाको क्यान्सर भएको हो । परीक्षणका क्रममा चिकित्सकहरूले उहाँको वायातिरको वक्षस्थलको भाग र वाया आँखाको माथिल्लो भागमा पनि क्यान्सर लागेको पत्ता लगाए । रोग लागेको भाग हटाइएको छ । समयमै उपचार गर्दा निको हुने खालको क्यान्सर लागेकाले आत्तिनुपर्ने अवस्था नभएको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन् । आफूलाई क्यान्सर भएनभएको यकिन गर्न नियमितरूपमा स्वास्थ्य परीक्षण गराउन सर्वसाधारणलाई अभिप्रेरित गर्दै आउनु भएकी प्रथम महिलाको यो अभियान नयाँ होइन । न त उहाँका छोराको सन् २०१५ मा मष्तिष्क क्यान्सर लागेर निधन भए पछि प्रारम्भ भएको हो । जिल वाइडेनले दशकौँ अघिदेखि क्यान्सरविरुद्धको अभियानमा आफूलाई सक्रिय राख्नु भएको छ । शीर्ष नेताकी पत्नीका रूपमा परिचय सार्वजनिक हुनुअघिदेखि नै यो महारोगविरुद्धको अभियानमा उहाँ होमिनु भएको छ । 'तपाईलाई क्यान्सर भएको छ' यो वाक्यांशले आफूलाई सर्वाधिक पीडा दिने उहाँ बताउनुहुन्छ । यो रोग लागेकाले पनि आफूले जस्तै असिम पीडा महसुस गर्ने उहाँलाई लाग्छ । प्रथम महिलाले क्यान्सरविरुद्धको आफ्नो भावी अभियानलाई कहिले र कसरी अघि बढाउनुहुन्छ भन्ने अनुमान अहिले नै गर्नु अपरिपक्व हुनेछ । उहाँको अवस्था, अनुभवले जनमानसमा क्यान्सरप्रतिको चेतना अभिवृद्धि, अनुसन्धान तथा सर्वसाधारणलाई नियमित स्वास्थ्य परीक्षण अर्थात् क्यान्सर लागेनलागेको सुनिश्चित गर्न अभिप्रेरित गर्नेछ । सार्वजनिक जीवनका व्यक्तिहरूका व्यक्तिगत अनुभूति र भोगाइ चेतना जागृतिका निम्ति अमूल्य हुनेछन् । प्रथम महिलाकी प्रवक्ता वानेसा वाल्डिभिया व्यक्तिगतरूपमा नै जिल बाइडेन क्यान्सरविरुद्ध लाग्नुभएको बताउनुहुन्छ । क्यान्सर जोकोहीलाई लाग्नसक्ने उहाँको बुझाइ छ । क्यान्सरप्रति सचेत रहन र समयमै उपचारका निम्ति अग्रसर हुन उहाँले सन् १९९३ देखि नै अभियान थाल्नुभएको हो । त्यसबेला उहाँका चार जना साथीलाई स्तन क्यान्सर भएको थियो । चार जनामध्ये एक जनाको निधन भएपछि उहाँ यो महारोगलाई परास्त गर्ने अभियानमा जुट्नु भएको छ । रोगको रोकथाम र निधानसम्बन्धी एक कार्यक्रमलाई गत वर्ष सम्बोधन गर्दै उहाँले मृतक आफ्नी मित्र विनीबाट प्रेरणा पाएर आफू अभियानमा लागेको बताउनुभएको थियो । जिल बाइडेनले विगतका घटना र आफ्ना अनुभवबाट प्रेरित बाइडेन ब्रष्ट हेल्थ इनिसिएटिभ्स प्रारम्भ गर्नुभयो । सोह्रदेखि १८ वर्षका युवतीलाई आफ्ना स्तनबारे ध्यान दिन तथा स्तन स्वास्थ्य प्रवर्द्धन गर्न उहाँले थाल्नुभएको यो प्रयास अमेरिकामा पहिलो हो । डेलावरका माध्यमिक विद्यालयमा गएर उहाँले स्तन स्वास्थ्यबारे प्रवचन तथा प्रदर्शन गर्नुभयो । संयोग पनि अनौठो र दुःखद् छ- उहाँका पिता डोनाल्ड ज्याकोबको सन् १९९९ र आमा बोनी जीनको सन् २००८ मा क्यान्सरबाटै मृत्यु भयो । सन् २०१५ को मे महिनामा राष्ट्रपतिकी दिवङ्गत जेठी श्रीमतीतर्फका छोराको पनि क्यान्सबाटै ज्यान गयो । बाइडेन त्यसबखल उपराष्ट्रपति हुनुहुन्थ्यो । जो बाइडेनकी पहिली पत्नीको पहिले नै निधन भएकाले जिलले नै बाउ बाइडेनलाई हुर्काइबढाइ गर्नुभएको थियो । आफ्ना छोराको निधनपछि बाइडेन दम्पती क्यान्सरविरुद्धको अभियानमा होमिनुभएको हो । क्यान्सरविरुद्धको अभियानलाई राष्ट्रिय प्रतिबद्धताका रूपमा अघि बढाउन तत्कालीन राष्ट्रपति बाराक ओबामाले उपराष्ट्रपति बाइडेनलाई मुख्य जिम्मेवारी सुम्पनुभयो । राष्ट्रपतिमा निर्वाचित भएपछि जो बाइडेनले आगामी २५ वर्षमा क्यान्सरबाट हुने मृत्युलाई ५० प्रतिशतमा झार्ने लक्ष्यका साथ काम गरिरहनुभएको छ । बाइडेन दम्पतीले क्यान्सरका बिरामी, उपचारपछि बाँचेका पूर्वबिरामी, स्वास्थ्यसेवक, परिचारक, अनुसन्धानकर्ता, चिकित्सक र क्यान्सरविरुद्धको अभियानमा होमिएका सबैलाई एकताबद्ध भएर उक्त लक्ष्य हासिल गर्ने दिशामा सघाउन आह्वान गर्नुभएको छ । एकहत्तर वर्षीया जिलले प्रथम महिलाको पद समाज सेवा र क्यान्सरकै विरुद्ध उपयोग गर्दै आउनुभएको छ ।

# मेयर कपको फाइनलमा सप्तरी र सुनसरी भिडने

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

तालतलैया फुटबल टिम सुनसरी सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

प्रतियोगिता अन्तर्गत बुधवार भएको दोश्रो सेमिफाइनलमा बिभागीय टिम एपीएफ बर्दिबासलाई ट्राईब्रेकरमा तीनका बिरुद्ध चार गोल अन्तरले पच्छ्याउँदै शुक्रबार हुने फाइनलमा नमो बुध्द फुटबल टिम मझौ सप्तरीसँगको भेट पक्का गरेको हो।

अत्यन्तै प्रतिष्पर्धात्मक खेलमा निर्धारित समयमा दुबै टिमले दुई दुई गोलको बराबरी खेलपछि ट्राईब्रेकरबाट खेलको निर्णय लिएको थियो। ट्राईब्रेकरमा तालतलैयाका गोलरक्षकले एपीएफको दुई वटा प्रहारलाई जोगाएको थियो। प्रतियोगिताको फाइनल खेल शुक्रबार हुने भएकाले भोली बिहीवार शम्भुनाथ नगरपालिकाका कर्मचारी र जनप्रतिनिधि बीच मैत्रीपुर्ण फुटबल हुने आयोजक संयासी युवा क्लव पोखरियाका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीया द्वारा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लबको सहभागिता रहेको छ। प्रतियोगिता माघ ६ गतेसम्म चल्ने प्रतियोगिताका बिजेताले नगद ५५ हजार तथा ट्रफि र उपविजेताले नगद ४५ हजार प्राप्त गर्नेछ।


## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**


# मोबाइल सेवा अवरुद्ध हुने समस्या समाधान गर्न प्रणालीगत सुधार गरिने

काठमाडौँ, ४ माघ (रासस)।

नेपाल टेलिकमले मोबाइल तथा पिएसटिएन टेलिफोन सेवा अवरुद्ध हुने समस्या दोहोरिन नदिन प्रणालीगत सुधार गर्ने भएको छ।

मङ्गलबार करिब १२ बजेदेखि केही समय कम्पनीका केही उपकरणमा प्राविधिक समस्या आई छोटो अवधिका लागि मोबाइल तथा पिएसटिएन टेलिफोन सेवा अवरुद्ध हुन गएकोमा कम्पनीका प्राविधिकबाट तत्काल समाधान गरिएको जनाउँदै त्यसको प्रणालीगत सुधार गर्ने टेलिकमले जनाएको छ।

टेलिकमले बुधबार विज्ञप्ति जारी गरी भनेको छ, 'समाधान भइसकेपश्चात् छोटो अवधिमा पनि रोकिएका कलहरूको सङ्ख्यामा एक्कासि अत्यधिक वृद्धि हुन गई नेटवर्क कन्जेसनका कारण केही समय कल आदान प्रदानमा ग्राहक महानुभावले असजिलोपन व्यहोर्नुपर्‍यो, यसरी प्राविधिक समस्याका कारण ग्राहक महानुभावमा पर्न गएको असुविधाप्रति कम्पनी क्षमा प्रार्थी छ।' सेवाग्राहीलाई अविच्छिन्न, निर्वाध गुणस्तरीय दूरसञ्चार सेवा प्रवाह गर्न कम्पनी सदा प्रतिबद्ध रहेको जनाउँदै भविष्यमा यस्ता समस्या दोहोरिन नदिन दीर्घकालीन समाधान गर्ने टेलिकमको प्रतिबद्धता छ।

साथै मोबाइल, टेलिफोन तथा कम्पनीका अन्य सेवामा कुनै समस्या आएमा १४९८ र १९८ मा सम्पर्क गरी समाधानका लागि पहल गर्न पनि कम्पनीले सम्पूर्ण ग्राहक महानुभावमा अनुरोधसमेत गरेको छ।

### *जनक शिक्षालाई ...*

भएका कन्टेनर प्रहरीले नियन्त्रणमा लिएको उहाँहरुको भनाइ छ। अधिवक्ता यज्ञमणि न्यौपानेले घटना भएको भोलिपल्ट अख्तियार दुरुपयोग अनुसन्धान आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा उजुरीसमेत दिएको बताउनुभयो। उजुरी दिएको आठ दिन बितिसक्दा पनि अनुसन्धानको प्रक्रिया अगाडि नबढेको उहाँको भनाइ छ। पत्रकार कुश्लव केसीले जनक शिक्षाको भ्रष्टाचार बाहिरबाट हेर्दा सामान्यजस्तो लागे पनि यसमा लाखौँ बालबालिकाको भविष्य जोडिएकाले आफूहरूले उक्त विषय सार्वजनिक गर्न बाध्य भएको जिकीर गर्नुभयो।


मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

फोन नं.: ०३१-५३०८९५
EmailD : dahcsaptari052@gmail.com

## प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:- ०७९/८०
चलानी नं. :- मिति :- २०७९।१०।०४

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सूचना**
प्रथम पटक प्रकासित मिति:२०७९।१०।०४

प्रस्तुत विषयमा आ.व. २०७९/८० मा यस प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, सप्तरीमा हेमियोप्याथिक चिकित्सकको रुपमा कामकाज गर्नका लागि तपसिल वमोजिमको कर्मचारी अवस्यक भएको हुदाँ करार सेवामा पदपूर्तिको लागि तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएकोमितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तोकिएका फारम अनुसार दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | माँग पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १-२०७९/८० | होमियोप्याथिक चिकित्सक | आठौ | स्वास्थ्य | ०१ | अन्तर्वार्ता | |

**१.आवश्यक न्यूतम योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट B.H.M.S. कोर्ष उतिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुर्ने।

२. **उमेर:** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

**३.दरखास्त साथ पेश गर्नु पर्ने न्यूतम कागजात र विवरण:**आवेदक स्वयमंले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरू

क) नेपाली नागरिता प्रमाण-पत्रको प्रतिलिपि।

ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपीहरू।

ग) दरखास्तको लागि लोकसेवामा आधारित फारम भरिपेश गर्नुपर्ने छ।

४. **पारिश्रमिक:** आपसी सम्झोता अनुसार विनियोजित वजेटको परिधि भित्र।

५. **आवेदन दस्तुर:** रू.१००० (एक हजार मात्र) बैंकमा जम्मा गरेको सक्कले बैंक भोचर।

६. सम्पर्क मिति: २०७९।१०।१९ गते

| बैंकको नाम | बैंक खाता नं. | कार्यालय कोड | कार्यालयको नाम | राजश्व शीर्षक नं. | वापत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| रा.बा.बैंक शाखा, सप्तरी | १०००२०००१०००० | ३५००२१५०१२ | प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, सप्तरी | १४२२४ | परीक्षा दस्तुर | |

डा.शिवशंकर यादव
कार्यालय प्रमुख



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं।

- सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलब्ध गराईन्छ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलब्ध हुन्छ।
- सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित तथा निवृत्तिभरण पाईरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन्।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Money Transfer Made Easy | Best Remit Quick & Easy | PRABHU Money Transfer | प्रभुको इच्छा | रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | HBL Himalayan Bank Ltd | BATAS | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*